# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, कात्तिक १४ गते २०५७ साल (संख्या २८


## भाग ३

### श्री ५ को सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४२, संख्या ३३ मिति २०४९ साल मंसीर १५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना १ को अनुसूची–२ को खण्ड १ को उपखण्ड १.४ को सट्टा देहायबमोजिमको उपखण्ड १.४ राखिएको छ ।

"१.४ मूल्यवान धातु तथा जवाहरात (उद्योगको लागि चाहिने कच्चा हीरा बाहेक)

तर सुन चाँदीको सम्बन्धमा खण्ड ५०, संख्या १४, मिति २०५७ साउन २ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित अर्थ मन्त्रालयको गुण्टा झिटी भारी आदेशमा परेको बाहेक अन्य सुन चाँदीको पैठारी वाणिज्य विभागबाट जारी भएको आयात इजाजत पत्रको आधारमा नेपाल राष्ट्र बैंक वा सो बैंकले तोकेको वाणिज्य बैंकले गर्न पाउने छ ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कच्चा पश्मिनाको पैठारी र पश्मिनाका वस्तुको निकासीमा गुणस्तर कायम गर्न आवश्यक भएकोले कच्चा पश्मिना आयात र तयारी पश्मिना वस्तुको निर्यात गर्दा देहायबमोजिम मात्र पैठारी र निर्यात गर्न पाउने गरी यो आदेश जारी गरेको छ ।

१. पश्मिना वस्तुमा प्रयोग हुने कच्चा पश्मिनाको गुणस्तर देहायबमोजिम हुनु पर्नेछ।

(क) पश्मिनाको कच्चा पदार्थमा पश्मिनाको अंश न्यूनतम रूपमा ६७.५ प्रतिशत हुनु पर्ने।

(ख) रेशाको व्यास (Fibre Diameter) १७.५ माइक्रोन वा सो भन्दा कम हुनु पर्ने।

(ग) कच्चा पश्मिना आयात गर्दा आयात कर्ताले उपयुक्त गुणस्तर यकिन हुने गरी सम्बन्धित मुलुकको आधिकारिक संस्थाबाट गुणस्तर प्रमाणित गरेको प्रमाण पत्र आयात बिन्दुमा अनिवार्य पेश गर्नु पर्नेछ ।

२. तयारी पश्मिनाका वस्तु निर्यात गर्दा कच्चा पदार्थको FOB मूल्यमा न्यूनतम ३५ प्रतिशत मूल्य थप हुनु पर्ने ।

३. गलैंचा तथा ऊन विकास समिति र गुणस्तर तथा नापतौल विभागले कच्चा पश्मिना तथा पश्मिनाका तयारी वस्तुको छड्के जाँच गरी उपयुक्त बमोजिम नपाइएमा कानूनबमोजिम कारवाही गर्ने छन् ।

आज्ञाले,

मोहनदेव पन्त

श्री ५ को सरकारको सचिव



मुद्रण बिभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण बिभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

290